# लोकेश्वर मन्दिर परिसर



मध्यपुर थिमि नगरपालिका वडा नं १४ मरुटोलमा अवस्थित लोकेश्वर मन्दिर नगरको प्रमुख सांस्कृतिक केन्द्र क्वलाखुबाट २०० मिटर उत्तरमा अवस्थित छ । यस मन्दिरले नगरको शोभालाई मात्र बढाएको छैन यहाँको ऐतिहासिक उचाइलाई पनि बढाएको छ । यो मन्दिर अवस्थित स्थानलाई अचेल मरुटोल नामले चिन्ने गरिए पनि प्राचीन समयमा यस ठाउँलाई ***क्वथ(व)टोल*** भनिन्थ्यो । यसलाई ने.सं. ६८५ ताडपत्रमा उल्लेखित *"....**थेमि मध्येस्थान कम्या क्वथ व टोल मण्डप बिज्याक श्री ३ लोकनाथ देव**..."* विवरणले पुष्टि गर्दछ । मन्दिर स्वरुपको भएपनि यो एक बौद्ध सम्पदा हो । हालको अवस्थामा कुनै सांस्कृतिक एवम् ऐतिहासिक परिसरको रुपमा देखिने यो मन्दिर परिसर प्राचीनकालमा बिहारको रुपमा रहेका बताइन्छ ।

विहारको कुरा गर्दा थिमिनगरमा मात्रै ९ वटा प्राचीन बहाल भएको बताइन्छ । यद्यपी हाल ८ वटा विहार मात्र पहिचान गर्न सकिएको छ । थिमि ईतिहासमा यी बहालहरु प्राचीन सभ्यताको प्रतिकको रुपमा रहेको कुरा प्राप्त विभिन्न अभिलेखबाट थाहा हुन्छ । अध्ययनबाट यी विहारहरु विभिन्न कालखण्डमा विकास भएको देखिन्छ । यसमध्ये नेसं ७०० सम्मको समयावधिलाई प्राचीन थिमिको रुपमा हेर्न सकिन्छ । थिमिस्थित प्राय सबैजसो विहारहरु ने.सं. ७०० अघि निर्माण एवम् विकास भएको देखिएबाट थिमिको ईतिहास अध्ययनमा यी विहारहरुको महत्व उच्च रहेको छ ।

थिमिको मूल सडकमै अवस्थित यस मन्दिरलाई फलामको बारले घेरेर सुरक्षा दिइएको कारण यसको कलात्मक सौन्दर्यलाई कुण्ठित बनाएको छ ।

**क) ऐतिहासिक पृष्ठभूमि**

स्थानीय बोलीचालीको भाषामा यसलाई ***लुकुनाद्यः*** भनेर सम्बोधन गरिन्छ । लोकेश्वरबाट भाषान्तर हुने क्रममा ***लुकुनाद्यः*** भएको प्रष्ट छ । यस मन्दिर परिसरलाई हेमवर्ण महाविहार पनि भन्ने गरिएको पाइन्छ । हालको अवस्थामा खुल्ला परिसरको रुपमा रहे पनि प्राचीनकालमा यो बिहार रहेको बताइन्छ । हुनतः विहार भन्नाले सामान्यतः चारैतिर घर भएको चोक हुन्छ भन्ने बुझाइसँग मूलसडकमै रहेको खुल्ला यस मन्दिर परिसरको वर्तमान् अवस्था बिहार जस्तो पटक्कै देखिँदैन । तर दथुटोलमा अवस्थित पञ्चावलियुक्त चैत्यसँगै रहेको ने.सं. ९८८ अंकित शिलालेखमा *"**नेपालमण्डले मध्यपुरी महानगरे हिरण्यवर्ण महाविहारोत्पन्न**...."* भन्ने उल्लेख भएबाट प्राचीनकालमा यो परिसर हिरण्यवर्ण महाविहार भएको बुझिन्छ । उहि हिरण्यवर्ण महाविहारबाट अपभ्रंस भई हेमवर्ण महाविहार हुन गएको देखिन्छ ।

थिमि लोकेश्वरको स्थापना सम्बन्धमा प्रष्ट जानकारी दिने कुनै प्रकारको ऐतिहासिक सामग्रीको हालसम्म फेला नपरे पनि ने.सं. ७०७ मा लोकेश्वरको लागि जग्गा सहित गुठी राखेको भन्ने विवरण सहितको ताडपत्रले यसको स्थापना धेरैअघि नै भइसकेको थाहा हुन्छ । त्यसैगरी ने.सं. ६८५ को ताडपत्रमा गंगा महारानी, त्रैलोक्य मल्ल र त्रिभुवनले मरुटोलस्थित करुणामयको नाममा जग्गा प्रदान गरिदिएको विवरणले करुणामय मन्दिरको अस्तित्वलाई अझै प्राचीनतातर्फ धकेल्छ । मन्दिरभित्र रहेको दीपंकर प्रतिमाको दाहिने हातमा उत्किर्ण ने.सं. ७३९ अंकित विवरणले कालक्रमसंगै यस मन्दिरको संरक्षण सम्बर्धन हुँदै आएको देखाउँछ । यसैक्रममा ने.सं. १०९६ मा मन्दिर बाहिरको निदालमा चारैतिर १०८ लोकेश्वरको चित्र बनाइएको विवरण मन्दिरमा रहेको अभिलेखबाट थाहा हुन्छ ।

**ख) सांस्कृतिक महत्व**

थिमि मरुटोलमा अवस्थित यो लोकेश्वर काठमाडौं उपत्यकाका १६ प्रमुख लोकेश्वरहरु एक हुन् । यसको सेवामा विभिन्न सांस्कृतिक क्रियाकलापहरु निरन्तर संचालन भइरहेका छन् । यसबाहेक विभिन्न चाडपर्वमा यससँग सम्बन्धित विविध संस्कृतिले स्थानीय साँस्कृतिक जनजीवनमा लोकेश्वरको महत्व निकै ठूलो छ । थिमिका ऐतिहासिक मठमन्दिर र विहार मध्ये यसै मन्दिरमा मात्र ***द्य:पाला*** (पुजारी) बस्ने व्यवस्था छ । यहाँ हरेकदिन साँझबिहान पूजापाठ हुन्छ । आजपर्यन्त यो क्रम निरन्तर चलिआएको छ ।

काठमाडौं उपत्यकाका अन्य स्थानहरुमा झै यहाँस्थित लोकेश्वरलाई पनि हरेक वर्ष जेष्ठ शुक्लपक्ष पारुको दिन ***न्हवं*** (स्नान) गराइन्छ । यसपछि लोकेश्वरलाई जीस्वां बहाल लगेर ***लायुपुं छायेगु*** अर्थात् रंगरोगन गर्नु गर्नुका साथै दशकर्मादि सम्पन्न गरिन्छ । यसको भोलिपल्ट अर्थात् *सिथिनख:* (कुमारषष्ठी) को दिन सर्वसाधारणको दर्शनको लागि जीस्वां बहा:बाहिरको विद्यागणेश पाटीमा राखिन्छ । लोकेश्वर अन्नको देवता भएकोले यसदिन नगरबासीहरुले विभिन्न परिकार सहित पूजा गर्दछन् र बेलुकीपख खतयात्रासहित मरुटोलस्थित मरुटोल ल्याइन्छ ।

यसैगरी यस महाविहारमा रहेका एउटा दिपंकर र गुणकीर्ति महाविहारस्थित दुईटा दिपंकरको प्रतिमूर्तिलाई ***जुगचन्हे*** ( पञ्चदान) को दिनभर थिमि, नगदेश, बोदेका विभिन्न स्थानमा परिक्रमा गराइन्छ । यसलाई स्थानीय मान्यतामा दिपंकरबाट बाली ( विशेषगरी धानबाली) अवलोकन भएको भन्ने गरिन्छ । बेलुकीपख बाजागाजासहित दिपंकरलाई बासस्थानसम्म पुऱ्याउने प्रचलन रहेको छ । थिमिको रमाईलो एवम् महत्वकासाथ संचालन हुँदै आएको जात्रामा लोकेश्वर र दिपंकरको यो जात्रा पनि विशेष रहेको छ ।

**ग) कलात्मक महत्व**

चर्चेको क्षेत्रफलको हिसाबले लोकेश्वर मन्दिर सम्भवत: मध्यपुर थिमि नगरपालिका क्षेत्रकै सबभन्दा ठूलो मन्दिर हो । तीन कवलको यस मन्दिर २२ फिटको वर्गाकार र करिब ३३ फिट अग्लो छ । मन्दिर प्यागोडा शैलीको भए पनि नगरका अन्य मन्दिरको तुलनामा यसको संरचना भिन्न छ । उत्तराभिमुख यस मन्दिरभित्र चारैतिर परिक्रमा गर्न मिल्ने गरी करिब ५ फिट चौडा बार्दली बनाइएको छ भने बाँकी रहेको केन्द्रभागमा तीनतिर गारो उठाएर मूल मन्दिरको रुपमा भित्री खण्ड बनाइएको छ । तीन कवलमा विभक्त बार्दली बाहिरको गारो चारैतिर खुल्ला छ । भुईंबाट करिब ४ फिट जति माथि चारैतिर माने राखिएको छ । यिनै कवलको निदालमा १०८ लोकेश्वरको चित्र अंकित छ भने यसमाथि मन्दिरको चारैतिर हरेक कवलको बीच पारेर ***छपाझ्या:*** राखिएको छ । मन्दिरको भित्री खण्डको ढोकानिरै क्वापा द्य: (मूलदेवता) को रुपमा पद्मपाणी लोकेश्वर प्रतिस्थापन गरिएको छ । मन्दिरको मूलढोकामाथि अभिताभ बुद्ध र दायाँबायाँ अग्रश्रावकहरु सारिपुत्र र मेदगल्यानको आकृति रहेको कलात्मक ***तुलं*** राखिएको छ भने मन्दिरको भित्रीखण्डमा अर्को तुलं राखिएको छ । बाहिरको भन्दा नयाँ देखिने उक्त तुलंको मध्यमागमा अभिताभ बुद्ध र दायाँबायाँ प्रज्ञापारमिता र षडक्षरी लोकेश्वरको आकृति रहेको छ ।

दुईतले मन्दिरको तल्लो छानालाई झिंगटी र माथिल्लो छानालाई तामाले छाएको छ । तल्लो छानामुनि विभिन्न कलाकृति कुँदिएका टुँडालहरु देख्न सकिन्छ भने माथिल्लो छानामुनि चारैतिर ***भोसुझ्या:*** बनाइएको छ । माथिल्लो छानामाथि बीच पारेर ढलौटको गजूर र दायाँबायाँ चन्द्रसूर्य अंकित ध्वजा रहेको छ भने गजूरलाई माथिबाट छत्रले ओढाइएको छ ।

मन्दिरको मुलद्धार अघिल्तिर जोडिएकै अवस्थामा दबली रहेको छ । दबलीको उत्तरी किनारमा बीच पारेर स्तम्भमाथि नौ पत्रको कमलको ***ल्वहँमन्द:*** (शिलामन्द:) राखिएको छ । उक्त मन्द:बाट १५ फिट जति उत्तरतिर पुरातात्विक महत्वको चैत्य स्थापना रहेको छ भने मन्दिरको ठिक पछाडि वा दक्षिणतिर अर्को चैत्य रहेको छ । पछाडिको यस चैत्यलाई थिमिका बज्राचार्यहरुले दिगुद्य:को रुपमा पूजा गर्दछन् । यसै चैत्यको पूर्वतिर अर्को दबली रहेको छ । यसबाहेक मन्दिरको वरपर पाटीहरु बनाइएका छन् जसमध्ये पश्चिमतिरको एउटा पाटी मात्र पुरानै शैली बाँकी रहेको छ भने अन्य पाटीहरु नयाँ स्वरुपमा पुननिर्माण भइसकेका छन् ।